विधेयक संख्याः

# सुदूरपश्चिम प्रदेश विनियोजन विधेयक

प्रदेश सभा सचिवालय

सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

२०८०

# <u>उद्देश्य र कारण</u>

आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले सुदूरपश्चिम प्रदेश विनियोजन विधेयक पेश गर्नु परेको हो।

प्रस्तुत विधेयकले प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार र विभिन्न निकायले प्रदान गर्ने सेवा र कार्यको निमित्त विनियोजन गर्न सक्ने व्यवस्था गरेको छ।

<u>द्रष्टव्य:</u> यो अर्थ सम्बन्धी विधेयक हो।

(नरेश कुमार शाही)
आर्थिक मामिला मन्त्री

# आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**<u>प्रस्तावना:</u>** आर्थिक वर्ष **२०८०/८१** को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस ऐनको नाम "**सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८०**" रहेको छ।

(२) यो ऐन सम्वत् २०८० साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **<u>आर्थिक वर्ष २०८०/८१ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार:</u>** आर्थिक वर्ष **२०८०/८१** को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पुँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रु. २९,२६,३२,४०,०००।-(अक्षरेपि उनन्तिस अर्व छब्बिस करोड बत्तिस लाख चालिस हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **<u>विनियोजन:</u>** (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ को

निमित्त अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरिनेछ।

(२) उपदफा (१) बमोजिम अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिएमा आर्थिक मामिला मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा रकमान्तर गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकमान्तर गर्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान संख्याबाट अर्को एक वा एकभन्दा बढी अनुदान संख्यामा रकमान्तर गर्न, निकासा र खर्च लेख्न, चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ।

तर, पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन।

(४) एउटै अनुदान संख्याभित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा आर्थिक मामिला मन्त्रालयले सम्बन्धित आयोजना तथा कार्यक्रममा सुरु विनियोजित रकमको शतप्रतिशतभन्दा बढी नहुने गरी आवश्यकतानुसार रकमान्तर गर्न सक्नेछ।

तर, बहुवर्षीय आयोजनामा विनियोजन भएको रकम अन्य बहुवर्षीय आयोजनामा बाहेक अन्यत्र रकमान्तर गरिने छैन।

(५)क्रमागत आयोजनाको रकमान्तर वा थप रकमको लागि बजेट माग गर्दा आयोजनाको अवधि, कुल लागत,

भौतिक तथा वित्तीय प्रगति र विषयगत मन्त्रालयबाट क्रमागत आयोजनालाई स्वीकृति प्रदान भएको निर्णयको प्रति आर्थिक मामिला मन्त्रालयमा पेश गर्नु पर्नेछ। यसरी पेश भएको कागजातको आधारमा आर्थिक मामिला मन्त्रालयले आवश्यकता र औचित्य हेरी रकमान्तर वा थप रकम निकासा दिन सक्नेछ।

(६) उपदफा (२), (३), (४) र (५) बमोजिमको रकमान्तर अनिवार्य दायित्व बाहेक चैत्र महिना अगाडि गरिने छैन।

(७) स्थानीय तहका लागि अनुदान संख्या ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान संख्यामा रकमान्तर हुने छैन।

(८) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ५०१ देखि ६०२ सम्म विनियोजन भएको रकम जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा रकमान्तर गर्न तथा निकासा तथा खर्च जनाउन बाधा पर्ने छैन।

४. **अन्तर-सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था:** (१) अनुदान संख्या ८०१ को रकम स्थानीय तहले कानुन बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रूपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको भाद्र १०, कार्तिक १०, माघ

१० र वैशाख १० गते गरी चार किस्तामा हस्तान्तरण गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरूप राजस्व सङ्कलन नभई स्रोत व्यवस्थापन हुन नसकेमा र नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान तथा राजस्व बाँडफाँट रकम कम प्राप्त भएमा प्रदेश सरकारले उपदफा (२) बमोजिमको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो बापतको रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको सूत्र अनुसार पुनः निर्धारण गरी प्रदेश सरकारले तोकेको समयमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा हस्तान्तरण गर्नेछ।

(४) उपदफा (२) बमोजिम वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रत्येक आर्थिक वर्षको कार्तिक ७ गते, माघ ७ गते र बैशाख ७ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र तथा उपदफा (३) बमोजिम हस्तान्तरण भएको रकम र खर्च भएको रकमको विवरण प्रदेश सरकारले निर्धारण गरेको समयमा प्रदेश लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ।

(५)उपदफा (४) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान बापतको बाँकी रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिने छैन।

(६) उपदफा (१) बमोजिमको अनुदान रकममध्ये ससर्त अनुदान रकमको एक तिहाइले हुन आउने रकम प्रदेश

लेखा नियन्त्रक कार्यालयले स्थानीय सञ्चित कोषमा प्रत्येक वर्षको भाद्र २ गते दाखिला गर्नेछ।

(७) स्थानीय तहले ससर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रममा मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण, वार्षिक विकास कार्यक्रम र सम्बन्धित सभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र प्रदेश लेखा इकाइ कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिमको कार्ययोजना अनुसार खर्च भएको रकमको विवरण स्थानीय तहले आर्थिक वर्षको मंसिर १५ गते, चैत्र १५ गते, असार १५ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिमको खर्चको विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले उपदफा (६) बमोजिम स्थानीय तहमा हस्तान्तरण भएको ससर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम शोधभर्ना निकासा दिनु पर्नेछ।

(१०) प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई समपूरक र विशेष अनुदानको रकम हस्तान्तरण गर्नु पर्नेछ।

(११) ससर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयमार्फत आगामी आर्थिक वर्षको साउन मसान्तभित्र प्रदेश सञ्चित कोषमा फिर्ता दाखिल गर्नु पर्नेछ।

(१२) उपदफा (११) बमोजिम बचत रकम फिर्ता दाखिल नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को आर्थिक वर्ष हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नेछ।

५. **योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन सम्बन्धी विशेष व्यवस्था:** (१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन गर्न उपयुक्त हुने देखिएमा प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट त्यस्तो योजना वा कार्यक्रम ससर्त अनुदानको रूपमा हस्तान्तरण गर्न सकिनेछ। सो हस्तान्तरणको जानकारी आर्थिक मामिला मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित स्थानीय तहमा दिनु पर्नेछ।

(२) यस ऐन बमोजिम स्थानीय तहमा ससर्त अनुदान अन्तर्गतका योजना वा कार्यक्रम कार्यान्वयन गर्दा थप रकम माग भई आएमा आर्थिक मामिला मन्त्रालयले त्यस्तो योजना वा कार्यक्रमको प्रगतिको आधारमा थप रकम उपलब्ध गराउने गरी निर्णय गर्न सक्नेछ। त्यसरी थप निकासा भएको रकम सम्बन्धित गाउँ सभा वा नगर सभाबाट अनुमोदन गराई लेखाङ्कन तथा प्रतिवेदन गर्नु पर्नेछ।

(३) यस ऐन वा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगत तर्फको कुनै योजना वा कार्यक्रम स्थानीय तहले प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा सम्बन्धित स्थानीय तहले प्रदेश सरकारको विषयगत मन्त्रालयको सिफारिसमा आर्थिक मामिला मन्त्रालयको स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गर्न सक्नेछ। सोको जानकारी सम्बन्धित मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(४) यस ऐन वा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको बजेट कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको कुनै निकायमार्फत कार्यान्वयन गर्न आवश्यक भएमा आर्थिक मामिला मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा माघ मसान्तभित्र अनुरोध भएमा आर्थिक मामिला मन्त्रालयले त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयनका लागि खर्च गर्ने अख्तियारी सहित सहमति दिन सक्नेछ।

तर, प्रशासनिक र चालुतर्फका कार्यक्रमको लागि नेपाल सरकारका निकायलाई कुनै रकम उपलब्ध गराइने छैन।

(५) उपदफा (४) बमोजिमको निर्णयको जानकारी महालेखापरीक्षकको कार्यालय, आर्थिक मामिला मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा नियन्त्रक

कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयलाई दिनु पर्नेछ।

(६) उपदफा (३) बमोजिम स्थानीय तहको योजना वा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्यिन गर्ने निर्णय भएमा स्थानीय तहले प्रादेशिक निकायको नाममा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहेको विविध खातामा जम्मा हुने गरी निकासा दिनु पर्नेछ।

(७) उपदफा (४) बमोजिम प्रदेश सरकारको योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने स्वीकृति प्राप्त भएमा सङ्घीय कार्यालयलाई प्रदेश सरकारको एकल खाता कोष प्रणालीमा प्रदेश निकायको रूपमा कार्यालय कोड दिई प्रचलित कानुन बमोजिम रकम निकासा दिनु पर्नेछ।

(८) यस ऐन बमोजिम स्वीकृत आयोजना तथा कार्यक्रम बाहेक अन्य कुनै आयोजना तथा कार्यक्रम थप गरिने छैन।

तर, विपद् व्यवस्थापन, महामारी नियन्त्रण लगायतका आकस्मिक अनिवार्यता, प्रदेश सरकारको आन्तरिक स्रोत वृद्धिमा सकारात्मक प्रभाव पार्ने आयोजना तथा कार्यक्रमको हकमा यस ऐनद्वारा विनियोजित बजेटको परिधिभित्र रही आर्थिक मामिला मन्त्रालयले त्यस्तो आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गरी स्वीकृति दिन सक्नेछ।

(९) आर्थिक वर्षको बीचमा प्रदेश सरकारका नयाँ संगठन संरचना निर्माण भएमा साविककै बजेट उपशीर्षकबाट खर्च गर्ने अख्तियारी प्रदान गरिनेछ।

६. **<u>लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षणः</u>** (१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च एकाइको रूपमा प्रचलित कानुनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई सुरु विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

७. **<u>वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः</u>** (१) स्थानीय तहले यस ऐन बमोजिम प्राप्त गर्ने राजस्व र अनुदान कानुन बनाई खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कानुन बनाउँदा देहाय बमोजिमको व्यवस्था समावेश हुने गरी बनाउनु पर्नेछः-

(क) नेपाल सरकार तथा प्रदेश सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिला गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो, सोही प्रयोजनमा मात्र खर्च गर्ने,

(घ) पुँजीगत खर्चको रूपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने,

(ङ) प्रचलित सङ्घीय र प्रादेशिक कानुनले निर्धारण गरे बमोजिमको आय व्ययको

वर्गीकरण, लेखाङ्कन तथा लेखा प्रणाली लागू गर्नुपर्ने।

(३) प्रदेश सरकारको अनुदानमा निर्माण गरिने सामुदायिक भवनको जग्गा व्यक्तिगत वा निजी स्वामित्वको हुनु हुँदैन।

(४) स्थानीय तहले सङ्कलन गरेको मनोरञ्जन कर, विज्ञापन कर तथा ढुङ्गा, गिटी, बालुवा, दहत्तर बहत्तर, माटोको शुल्क लगायतको प्रदेश सरकारको समेत अंश रहेको राजस्वको चालिस प्रतिशतले हुने रकम हरेक महिना बाँडफाँट गरी प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम बाँडफाँट गरी दाखिला गर्नुपर्ने रकम दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम सम्बन्धित स्थानीय तहलाई बाँडफाँट हुने सवारी साधन करबाट कट्टा गरी समायोजन गर्नेछ।

८. <u>**अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्थाः**</u> (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानुनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकारप्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एक भन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले सम्वत् २०८० साल असोज मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई बाँडफाँट गरी त्यसको जानकारी आर्थिक मामिला मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयलाई दिनु पर्नेछ।

तर, कुनै मनासिव कारणले सम्वत् २०८० साल असोज मसान्तभित्र विनियोजन भएको निकायको प्रमुखले बाँडफाँट गर्न नसकेमा सोको कारण खुलाई सम्वत् २०८० साल कार्तिक मसान्तभित्र बाँडफाँटको लागि अनुरोध गरेमा आर्थिक मामिला मन्त्रालयले सम्वत् २०८० साल कार्तिक मसान्तभित्र बाँडफाँट गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

(५) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(६) उपदफा (५) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा आर्थिक मामिला मन्त्रालयको सहमति लिई संशोधन गर्न सक्नेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश

भएकोएउटैअनुदान संख्याभित्रको कार्यक्रममा प्रदेश सरकारको स्रोततर्फ सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले देहायका कार्यक्रम संशोधन तथा रकमान्तर गर्न सक्नेछः-

(क) एकै बजेट उपशीर्षकभित्रको भइरहेको क्रियाकलापको परिमाणात्मक लक्ष्य थपघट र त्रैमासिक विभाजन गर्ने गरी कार्यक्रम संशोधन गर्न,

(ख) खण्ड (क) बमोजिम कार्यक्रम संशोधन गर्दा रकमान्तर गर्नुपर्ने भएमा स्रोत परिवर्तन नहुने गरी सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २२ को उपदफा (२) को अधीनमा रही थप हुने खर्च शीर्षकको सुरु विनियोजनको पच्चिस प्रतिशतसम्म रकमान्तर गर्न।

(८) उपदफा (७) बमोजिम सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले कार्यक्रम संशोधन तथा रकमान्तर गर्नुपर्ने भएमा देहायको खर्च शीर्षकभित्र रही कार्यक्रम संशोधन तथा रकमान्तर गर्नु पर्नेछः-

| क्रम सङ्ख्या | खर्च संख्या | खर्च शीर्षक |
|---|---|---|
| १ | २२२११ | इन्धन (पदाधिकारी) |
| २ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) |
| ३ | २२२१३ | सवारी साधन मर्मत खर्च |
| ४ | २२२१४ | बिमा तथा नवीकरण खर्च |
| ५ | २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च |
| ६ | २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च |
| ७ | २२२९१ | अन्य सम्पत्तिको सञ्चालन तथा सम्भार खर्च |

| | | |
|---|---|---|
| ८ | २२३११ | मसलन्द तथा कार्यालय सामग्री |
| ९ | २२३१२ | पशुपन्छीहरूको आहार |
| १० | २२३१३ | पुस्तक तथा सामग्री खर्च |
| ११ | २२३१४ | इन्धन-अन्य प्रयोजन |
| १२ | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च |
| १३ | २२३१९ | अन्य कार्यालय सञ्चालन खर्च |
| १४ | २२५११ | कर्मचारी तालिम खर्च |
| १५ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च |
| १६ | २२५२१ | उत्पादन सामग्री/सेवा खर्च |
| १७ | २२५२९ | विविध कार्यक्रम खर्च |
| १८ | २२६११ | अनुगमन तथा मूल्याङ्कन खर्च |
| १९ | २२६१२ | भ्रमण खर्च |
| २० | २२६१९ | अन्य भ्रमण खर्च |
| २१ | २२७११ | विविध खर्च |

(९) उपदफा (६), (७) र (८) बमोजिमको कार्यक्रम संशोधन तथा रकमान्तर सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गराउनु पर्नेछ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एकै अनुदान संख्याभित्रका एकभन्दा बढी बजेट उपशीर्षकमा बाँडफाँट भएको देहायका एकै खर्च शीर्षकको रकम एक बजेट उपशीर्षकबाट घटाइ अर्को बजेट उपशीर्षकमा थप गर्नुपर्ने भएमा र एउटै बजेट उपशीर्षक अन्तर्गत एकै खर्च शीर्षकको रकम एक निकायबाट घटाइ अर्को निकायमा थप गर्नुपर्ने भएमा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा रोक्का राखी (सोही आधारमा क्रियाकलाप परिवर्तन नगरी) खर्च शीर्षकमा स्वीकृत दरबन्दीभित्र रही

सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले रकमान्तर तथा कार्यक्रम संशोधन गर्न सक्नेछः-

| क्रम सङ्ख्या | खर्च संख्या | खर्च शीर्षक |
|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी |
| ३ | २११२१ | पोशाक |
| ४ | २११२२ | खाद्यान्न |
| ५ | २११२३ | औषधि उपचार खर्च |
| ६ | २११३१ | स्थानीय भत्ता |
| ७ | २११३२ | महङ्गी भत्ता |
| ८ | २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च |
| ९ | २१२१३ | योगदानमा आधारित बिमा कोष खर्च |

९. **निर्देशिका, कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्ने :** (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यकतानुसार निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएका कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक पर्ने देखिएमा आर्थिक मामिला मन्त्रालयको सहमति लिई भाद्र मसान्तभित्र सम्बन्धित मन्त्रालयले निर्देशिका, कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्नेछ। त्यस्तो निर्देशिका, कार्यविधि, मापदण्ड तथा मार्गदर्शन स्वीकृत भएको सात दिनभित्र वेबसाइटमा राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको निर्देशिका, कार्यविधि मापदण्ड तथा मार्गदर्शन प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(४) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने व्यवस्थाका सम्बन्धमा आर्थिक मामिला मन्त्रालयले आवश्यक मार्गदर्शन बनाइ लागू गर्न गराउन सक्नेछ।

**१०.** **<u>आदेश जारी गर्न सक्ने :</u>** (१) यस ऐनको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२)उपदफा (१)बमोजिमको आदेश प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

**११.** **<u>विविधः</u>** (१) प्रदेश सरकारको विनियोजन ऐन प्रदेश सभाबाट पारित भइसके पश्चात नेपाल सरकारबाट स्रोतको रूपमा प्रस्तावित वित्तीय हस्तान्तरणको रकम थपघट हुने गरी रकम प्राप्त भएमा आर्थिक मामिला मन्त्रालयले त्यसरी थपघट भएको रकमको लेखा राखी रकम घटेमा विषयगत मन्त्रालय तथा निकायलाई आवश्यक निर्देशन दिने र रकम बढेमा खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालय वा निकायलाई दिनेछ।

(२) उपदफा (१) बमोजिम चालु आर्थिक वर्षमा प्राप्त भएको रकमको समायोजित विवरण आगामी आर्थिक वर्षको आय र व्ययको विवरणसाथ प्रदेश सभामा पेश गर्नु पर्नेछ।

# प्रदेश संचित कोषमाथि व्ययभार हुने अनुमानको सारांश

अनुसूची-१

रु. हजारमा

| क्र.सं | अनुदान संख्या | शिर्षकको नाम | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २०२ | प्रदेश व्यवस्थापिका (सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा) | २६९२ | ० | ० | २६९२ |
| **जम्मा** | | | | | | २६९२ |

## अनुसूची-२
## दफा (२) र (३) सँग सम्बन्धित
## प्रदेश संचित कोषबाट विनियोजन हुने रकम

(रु. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पुंजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | २०२ | प्रदेश व्यवस्थापिका सचिवालय | १७८४५३ | ९६६९ | ० | १८८१२२ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ७८७५० | १६२५० | ० | ९५००० |
| ३ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३१६१५१ | ९९२०५१ | ० | १३०८२०२ |
| ४ | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ७०५००६ | १४४८० | ० | ७१९४८६ |
| ५ | ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ११९९५०८ | ६९९०४० | ० | १८९८५४८ |
| ६ | ३१२ | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २०९२६८३ | ४१४४८३ | ० | २५०७१६६ |
| ७ | ३१४ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १४५०२० | २४७९८० | ० | ३९३००० |
| ८ | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ४९३५३९ | १२१८८२७७ | ० | १२६८१८१६ |
| ९ | ३५० | सामाजिक विकास मन्त्रालय | ३८६०१९० | १४३८९३० | ० | ५२९९१२० |
| १० | ३९१ | प्रदेश नीति तथा योजना आयोग | २९३०० | १२०० | | ३०५०० |
| ११ | ५०१ | अर्थ वित्तीय व्यवस्था | | | ३००००० | ३००००० |
| १२ | ६०२ | अर्थ विविध | ५७४७१० | १०००००० | ० | १५७४७१० |
| १३ | ८०१ | स्थानीय तह (वित्तीय समानीकरण) | ८०६१३५ | | ० | ८०६१३५ |
| | | स्थानीय तह (ससर्त अनुदान) | ४९४३५० | | ० | ४९४३५० |
| | | स्थानीय तह (समपूरक अनुदान) | ६३८९८५ | | ० | ६३८९८५ |
| | | स्थानीय तह (विशेष अनुदान) | ४०८१०० | | ० | ४०८१०० |
| | | **कुल जम्मा** | **११९४०८८०** | **१७०२२३६०** | **३०००००** | **२९२६३२४०** |